# औरही नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

औरही ,महोत्तरी

मधेश प्रदेश, नेपाल


औरही नगरपालिकाको १८ औं नगर सभा

२०८३ साल असार ०८ गते (सोमबार)

नगर प्रमुख श्री प्रदिप कुमार खड्काज्यूबाट

प्रस्तुत नीति, कार्यक्रम तथा बजेट





प्रस्तुत कर्ता :-

प्रदिप कुमार खड्का

नगर प्रमुख

# औरही नगर सभाको अठारौं अधिवेशनमा
# नगर प्रमुख श्री प्रदिप कुमार खड्काज्यूबाट प्रस्तुत
# नीति तथा कार्यक्रम

औरही नगरपालिका

औरही, महोत्तरी

मधेश प्रदेश, नेपाल

**मितिः २०८३ असार ८**

**"शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध औरहीको आधार"**

## आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम

प्रमुख अतिथी ज्यू,
बिशेष अतिथी ज्यूहरु,
अतिथी ज्यूहरु,
नगर उपप्रमुखज्यू,
नगरसभाका सदस्य ज्यूहरु,

**बुद्धिजीवी वर्ग, नागरिक समाज, व्यापारी वर्ग, पत्रकारज्यूहरु,**
**नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु र उपस्थित नगरवासीहरु,**

नेपालको संविधान बमोजिम निर्वाचनबाट औरही नगरपालिकाको स्थानीय सरकार संचालन गर्न निर्बाचित हामी जनप्रतिनिधिको चार बर्षे अबधि ब्यतित भईसकेको व्यहोरा अवगत गराउँदै यस औरही नगरसभाको अठारौं अधिवेशनमा सबैलाई स्वागत गर्दछु ।

- ❖ हामीलाई औरही नगरपालिकाको नेतृत्व गर्ने जिम्मेवारी प्राप्त भए पश्चात हाम्रो कार्यकालको पाँचौ नीति तथा कार्यक्रम र बजेट सफलतासाथ कार्यान्वयनमा सघाउ पुर्याउने हुने जनप्रतिनिधि, कर्मचारी, आम औरही वासी तथा सरोकारवालाहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

- ❖ यस अवसरमा नेपाल राष्ट्रको रक्षा र अग्रगमनका आन्दोलनहरु, दश बर्षे जनयुद्ध, १९ दिने जन आन्दोलन तथा बिभिन्न आन्दोलनहरुमा शहादत प्राप्त ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु, साथै घाईते बेपत्ता तथा द्वन्दपिडित परिबार प्रति उच्च सम्मान प्रकट गर्दछु । सात दशक लामो बलिदानीपूर्ण सङ्घर्षको विभिन्न कालखण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । यी सङ्घर्ष र आन्दोलनमा नागरिकहरुले पुर्‍याएको योगदानले हामीलाई कर्तव्य पथमा डोहोर्‍याई रहनेछ ।

- ❖ यस विच प्रायः वडाका प्रशासनीक भवन, सार्वजनिक विद्यालयका पूर्वाधार तथा सार्बनजिक भवन लगायत अत्यावश्यक पूर्वाधार धेरै हद सम्म निर्माण सम्पन्न भएको छ । नगरपालिकाको प्रशासनीक भवन शिल्यान्यास सम्पन्न भई निर्माण कार्य अघि बढेको छ, औरही अस्पताल, नगर भित्रका विभिन्न आवश्यक स्थानमा सडक बाटो खोल्ने, ढलान गर्ने, कृषि सडक निर्माण गर्ने लगायतका कार्यहरु भइरहेका छन । आगामी आर्थिक बर्षमा **शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारः समृद्ध औरहीको आधार** भन्ने भूल नाराका साथ बजेट तथा कार्यक्रम बनाइ कार्यान्वयन गरिने व्यहोरा सबैमा जानकारी गराउदछु ।

**अब म चालु आ.व. २०८२/८३ मा सम्पादन भएका महत्वपूर्ण क्रियाकलापहरुलाई बुँदागत रुपमा पेश गर्ने अनुमति चाहान्छु ।**

- ❖ समृद्ध औरही बनाउने हामी सबैको साझा संकल्प भएकोले यस नगरपालिकामा हामी सबै जन निर्बाचित प्रतिनिधिहरु तथा कर्मचारीहरु भावनात्मक रुपले एक भई समन्वयात्मक ढंगले हातेमालो गर्दै विगतमा जस्तै निर्वाध जनसेवामा समर्पित भएको छौ ।

## नीति तथा कार्यक्रम, २०८३

- चालु आर्थिक बर्षमा पनि विविध कारणले संघीय सरकारको अनुदान प्रभावित हुन पुगेको छ । विविध कठीनाइको कारण नगरपालिकाले प्रक्षेपण गरेको आन्तरिक राजस्व संकलनबाट आम्दानी हुनपर्ने जति राजस्व उठाउन सकिएको छैन । यसले नगरपालिकाको विकास योजना र रोजगारीको क्षेत्र केही संकुचन हुन गएको छ ।

- "शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार समृद्ध औरहीको आधार" भन्ने मूल नाराका साथ सामाजिक एकताको भावनासाथ समृद्ध औरही बनाउने र आम महिला, बालबालिका, विपन्न, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, आदिबासी जनजाती लगायत आर्थिक सामाजिक रुपले पछाडी परेका सबै बर्ग तह र तप्काका जनताको हीतमा कार्य गर्ने दायित्व भएको हामी जनप्रतिनिधि सोही भावनाका साथ अहोरात्र तल्लिन भइरहेका छौं ।

- बिभिन्न बिषयगत क्षेत्रको सेवा प्रवाहलाई सरल बनाउन नगरपालिकाले तयार गरेको संगठन संरचना बमोजिमको जनशक्ति सम्बन्धित शाखा/फाँट/वडामा खटाई सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने प्रयास गरिएको छ । यसबाट आम सर्बसाधारणलाई दैनिक रुपले आवश्यक पर्ने सेवाको प्राप्ती र पहुँचमा सहज हुने बिश्वास गरिएको छ ।

- चालु आर्थिक बर्षमा यस नगरपालिका भित्र करिब ५ कि. मि. सडक निर्माण सम्पन्न भएको छ ।

- विगतमा नगरपालिका भित्र वडा नं. ७ र ९ को वडा कार्यालय भवन निर्माण सम्पन्न भएकोमा  चालु आर्थिक बर्षमा वडा नं. ३, ४, ६ र ८ गरी जम्मा ४ वटा वडा कार्यालय भवन सम्पन्न भई हाल ९ वटा मध्ये ६ वटा वडा कार्यालयहरु आफ्नै भवनबाट सेवा प्रवाह गर्न सक्षम अवस्थामा रहेका छन ।

- चालु आर्थिक बर्षमा रामविलास यादव चन्देश्वर यादव मा वि भोएल टिम्कियामा तल्ला थप गर्ने कार्य संचालनको क्रममा रहेको,  सोन्फी दशौं मा. वि. श्रीपुरको प्राविधिक शिक्षा तर्फको भवन निर्माण सम्पन्न भएको छ साथै अधिकांश विद्यालयका पूर्वाधार निर्माण सम्पन्न भइसकेको छ ।

- दलित आवास कार्यक्रम अन्तर्गत चालु आर्थिक वर्षमा ४२ वटा भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

- पालिका भरिका दलित, मुसहर समुदायमा सो समुदायका बाल बालिकालाई विद्यलयमा पहुँच पुर्याउन दलित सहजर्कताको व्यवस्था गरिएकोले विद्यालयसम्म उक्त समुदायका विद्यार्थीको पहुँच बढेको छ ।

- दिवा खाजा कार्यक्रमको प्रभावकारिताका साथ कार्यान्वयन गरी शिशु कक्षा देखि कक्षा ५ सम्म बालबालिकाको विद्यालयमा उपस्थिति दर र टिकाउ दर बढेको छ । साथै समयमा नै विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण, शिक्षक तालिम संचालन लगायतका क्रियाकलापले सिकाई उपलब्धी बढोत्तरी भइ पठनपाठनमा गुणस्तरीयता कायम भएको छ ।

- विगतमा प्रधानमन्त्री रोजगार कार्यक्रमको रुपमा संचालित हाल राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमबाट  चालु आर्थिक बर्षमा १९ वटा कल्याणकारी कार्य संचालन भएको, २ वटा सीप विकास कार्यक्रम संचालन भई ८० जनाको क्षमता विकास भएको  र चालु आर्थिक वर्षमा ४० जना बेरोजगारले रोजगार प्राप्त गरेका छन् ।

- कृषि तर्फ किसानलाई खाद्यान्न बालीमा अनुदान बीउ वितरण, चैते धानको बीउ वितरण, कृषि मोटर वितरण, स्यालो ट्यूवेल वितरण, निःशुल्क फलफुल विरुवा वितरण र पकेट विकास कार्यक्रम जस्ता प्रोत्साहनमूलक कार्यक्रमले कृषकको मनोवल अभिवृद्धि भई कृषि उत्पादनमा बढोत्तरी भएको छ । साथै वृक्षारोपण कार्यक्रमको निरन्तरताले वातावरण सन्तुलन कायममा योगदान पुर्याएको छ ।

**यस नीति तथा कार्यक्रम तर्जुमा गर्न निम्न आधारहरु लिइएको छ ।**

१) नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको विभिन्न प्रतिबद्धता,
२) नेपालको संविधानको भाग–४ उल्लेखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु,
३) संघिय सरकारले अंगीकार गरेको लक्ष्य, नीति तथा कार्यक्रमहरु,
४) नेपालको संविधान धारा ५९ को आर्थिक भाग ११ को आर्थिक प्रणाली,
५) नेपालको संविधानको अनुसूची–८ बमोजिमको कर लगाउने पाउने क्षेत्र,
६) स्थानिय सरकार संचालन ऐन २०७४,
७) राजस्व परामर्श समितिको प्रतिवेदन,
८) श्रोत तथा बजेट सीमा निर्धारण समिति श्रोत र बजेट अनुमान सिफारिस,
९) नेपाल सरकारको वार्षिक बजेट सिद्धान्त उद्देश्य र प्राथकिता,
१०) दिगो विकासका लक्ष्यहरु,
११) १६ औं योजनाको लक्ष्य तथा उद्देश्यहरु,
१२) रणनीतिक योजना तथा क्षेत्रगत गुरुयोजना,
१३) विषयगत समितिका प्रतिवेदन,
१४) स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४,
१५) मन्त्रालयले विभिन्न समयमा गरेको विभिन्न परिपत्र तथा निर्देशनहरु,
१६) बस्ती स्तर तथा वडाबाट सिफारिस भई आएका प्राथमिकता प्राप्त योजनाहरु,

**आदरणयी नगरसभा सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि विषय क्षेत्रगत रुपमा तर्जुमा गरिएको नीति तथा कार्यक्रम पेश गर्दछु ।

## १. सुशासन तथा संस्थागत विकास क्षेत्र:

### (क) मानव संसाधन विकास कार्यक्रम

- सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रस्तिस्पर्धि, समावेशी र जनउत्तरदायी बनाई कार्यसम्पादनलाई नतिजामुखी र अनुमानयोग्य बनाउन सूचना प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिइनेछ ।
- औरही नगरपालिकाको कार्यालयमा विगत बाटनै जडान भएको विद्युतीय हाजिरी र औरही नगरपालिकाको ९ वटै वडामा यसै बर्ष जडान हुने विद्युतीय हाजिरीलाई निरन्तरता दिई औरही नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा समेत विद्युतीय हाजिरी लागु गरि नतिजामुखी सेवा प्रवाह तथा कार्य सम्पादनलाई सुदृढ गर्दै लगिनेछ ।

- जनप्रतिनिधिहरु र राष्ट्रसेवक कर्मचारीलाई समय समयमा पुनर्ताजगी कार्यक्रमको माध्यमबाट सुदृढ र प्रतिस्पर्धी बनाउन क्षमता विकासको कार्यक्रमहरु संचालन गरिनेछ ।
- नगरपालिकाको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम जनशक्तिको व्यवस्था मिलाई सांगठनिक संरचनालाई चुस्त, दुरुस्त र सक्षम बनाईनेछ ।
- नगरपालिकाको हालसम्मको महालेखा परिक्षकबाट औल्याईएका बेरुजुलाई आवश्यकता अनुसार नियमित र फछ्र्यौट गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- वडा कार्यालयबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन वडा कार्यालयहरुलाई स्रोत साधन सम्पन्न बनाईनेछ ।
- औरही नगरपालिका अन्तर्गतका मुख्य बजार, बसपार्क, चोक र नगरपालिकाको सीमाना क्षेत्रमा बत्ती सहित सि. सि. टि. भी. क्यामेरा जडान कार्यलाई निरन्तर रुपमा अघि बढाइनेछ।

## (ख) आन्तरिक स्रोत तथा राजश्व परिचालन

- सम्पत्ती कर, विज्ञापन कर, व्यवसाय कर, घर बहाल करलाई व्यवस्थित रुपमा संकलन गर्न वडा कार्यालयहरुको क्षमता विकास गरिनेछ ।
- नगरपालिकाको राजश्व परामर्श समिति र राजश्व शाखालाई सुदृढ सक्षम र प्रविधि मैत्री बनाइनेछ ।
- पालिकाको सम्भावित मुख्य आयश्रोतको रुपमा रहेको पोखरी ठेक्का व्यवस्थापन प्रकृयालाई थप प्रभावकारी बनाईनेछ।

## (ग) स्थानिय न्यायिक सेवा

- न्यायिक समिति मार्फत् शान्ति, सद्भाब र न्यायको अनुभूति गर्न सक्ने वातावरण निर्माण गरिनेछ । न्यायिक समितिको क्षमता विकास गरी श्रोत साधन तथा जनशक्ति सम्पन्न गराईनेछ ।
- समाजमा विविध कारणले हुने सामाजिक विवाद तथा सामाजिक द्वन्द्व व्यवस्थापनलाई वडास्तर बाटै समाधान गर्न वडास्तरीय मेलमिलाप केन्द्र संचालनको लागी मेलमिलापकर्ताहरुलाई सूचिकृत गरिनेछ ।
- जनप्रतिनिधि तथा मेलमिलापकर्ताहरुलाई मौजुदा कानूनी सचेतना कार्यक्रम तथा पुनर्ताजगी कार्यक्रम संचालन गरिनेछ।

## (घ) तथ्याङ्क व्यबस्थापन

- नगरपालिकाको समग्र प्रगती समेटेर विद्युतीय वस्तुगत विवरण (Digital Profile) तयार गरी नगरपालिकाको आधारभूत तथ्याङ्कहरुलाई राष्ट्रिय योजना आयोगको National Data Profile मा प्रबिष्टि गर्ने ब्यबस्था मिलाइनेछ।
- पालिका स्तरीय आधारभुत तथ्याङ्क संकलन, जनस्वास्थ्य सम्बन्धि सुचना प्रणाली (H-MIS), पंजिकरण तथा सामाजिक सुरक्षा भत्ता सुचना प्रणाली (MIS), शिक्षा सम्बन्धि सुचना प्रणाली (E-MIS), बेरोजगार व्यक्तिहरुको सुचना प्रणाली, कर्मचारीहरुको व्यक्तिगत सूचना व्यवस्थापन प्रणाली(PIS) लगायत अन्य तथ्याङ्कीय गतिबिधिबाट प्राप्त हुने तथ्याङ्कहरु प्रयोगकर्तालाई आवश्यक पर्दा एकीकृत रुपले प्राप्त हुने व्यवस्था गर्न पालिका स्तरीय सूचना प्रविधि शाखालाई व्यवस्थित गरिने छ।

- योजना बैंक, मध्यकालिन खर्च संरचना, आवधिक योजना लगायतका योजना व्यवस्थापन प्रणालीको विकास गरी कार्यान्वयनको थालनी गरीने छ।

## २. सामाजिक विकास क्षेत्र

### (क) शिक्षा युवा तथा खेलकुद

- शैक्षिक क्यालेन्डरको आधारमा विद्यालय तथा शैक्षिक गतिविधिलाई व्यवस्थित, योजनाबद्ध बनाउदै पालिका भित्रका विद्यालयमा एकरुपता कायम गरिनेछ।
- विद्यार्थीको सिकाई उपलब्धि बढाउन कक्षाकोठा व्यवस्थापन, बिषयगत शिक्षक व्यवस्थापन, निरन्तर विद्यार्थी मूल्यांकन र शिक्षक विद्यार्थीबीचको सुमधुर सम्बन्ध कायम गर्ने खालका कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिकाको सामुदायिक विद्यालयमा अध्ययन गर्ने गरिव, जेहेन्दार तथा विपन्न छात्राहरुलाई विद्यालयमा सहज पहुँच अभिवृद्धि गर्न साइकल वितरण गरिनेछ।
- सामुदायिक विद्यालयलाई प्रविधिमैत्रि, बालमैत्रि, लैंगिक समतामुलक बनाउन Smart TV, कम्प्यूटर कक्षा संचालन लगायतका प्रविधिको प्रयोगलाई पूर्ण रुपमा बढावा दिइनेछ।
- चालु आ.व. को असार मसान्त भित्र साक्षर पालिका घोषणा गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। साथै आगामी आ.व. बाट जिवनउपयोगी, सिपमूलक शिक्षालाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।
- विद्यार्थी शिक्षक अनुपात अनुसार विद्यार्थी संख्या बढी भएका विद्यालयहरुमा आवश्यकता अनुसार नगर शिक्षकको व्यवस्थापन गरिनेछ।
- विद्यार्थीहरुको प्रतिभा प्रष्फुटन तथा खेलाडीहरुको मनोवल बढाउन पालिकास्तरमा मेयर कप कार्यक्रम आयोजना गरिनेछ।

### (ख) स्वास्थ्य

- १५ शैय्याको औरही अस्पताल निर्माणको काम समयमै सम्पन्न गर्न आवश्यक कदम चालिनेछ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुको मनोबल बढाउन प्रोत्साहनका कार्यक्रम लागु गरिनेछ।
- स्वास्थ्य संस्था तथा ईकाइहरुको भौतिक सुविधा व्यवस्थित बनाई, स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ बनाउने तथा निःशुल्क वितरण गरिने औषधीको उपलब्धता नियमित गरिनेछ।
- स्वास्थ्य संस्थाको सुत्केरी दर बढाउन सुत्केरी महिलाको लागी पोषण कार्यक्रम सञ्चालन गरिनेछ। साथै विगत देखि उपलब्ध गराउँदै आएको एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।
- बालबालिकाको पोषण सुधारको लागी बिद्यालयमा पोषण तथा असल खानपान सम्बन्धि सचेतनामुलक कार्यक्रम गरिनेछ।
- क्षयरोगि विरामीहरुलाई औषधी सेवन अवधिभर खाद्यान्नको व्यवस्था गरिनेछ। साथै क्षयरोग मूक्त पालिका घोषणाको लागि आवश्यक पहल गरिनेछ।
- बालबालिकाहरुलाई कुपोषण मुक्त राख्न तथा पोषण मैत्री पालिका निर्माणको लागी कार्यक्रमहरु ल्याइनेछ।
- पूर्ण खोप घोषणा तथा दिगोपना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

- स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता वृद्धि गरि सुशासन कायम गरिनेछ ।

## (ग) खानेपानी तथा सरसफाई प्रवर्द्धन

- खुल्ला दिसामुक्त नगरपालिका भएकोले अझै व्यवस्थित गर्न पूर्ण सरसफाई युक्त नगरपालिका वनाउने तर्फ अगाडि वढिनेछ।
- हाल सञ्चालनमा रहेको ट्रयाक्टरबाट फोहर संकलन गर्ने कार्यलाई थप बिस्तार गरिनेछ । फोहोर संकलन तथा व्यवस्थापनको लागि निजि क्षेत्रसँग नियमानुसार सहकार्य गरिनेछ ।

## (घ) दलित समुदाय

- औरही नगरपालिका क्षेत्रमा बसोबास गर्ने अति विपन्न दलित समुदायका व्यक्तिहरुको हितको लागि आयआर्जनमा टेवा पुर्याउने उद्देश्य अनुरुपका कार्यक्रमको लागि सिप सिकेका समुह/समुदाय/उद्यमीलाई टेवा पुग्ने सामान उपलब्ध गराउने र संस्थागत क्षमता विकास गराउने कार्यक्रम संचालन गरिनेछ । दलित समुदायसंग सम्बन्धीत रहेको परम्परागत सीपलाई व्यबसायीकरण गरी निरन्तरता दिन प्रोत्साहित गर्ने साथै बिपन्न दलित समुदायका बालबालिकालाई शैक्षिक सामग्री वितरण गर्ने आदि कार्यक्रम संचालन गरिनेछ ।

## (ङ) संस्कृति/ पर्यटन प्रवर्द्धन

- धार्मिक समुदाय तथा जातिगत समुदायबाट मनाईने बडा दशैं, लोह्सार, बुद्ध पूर्णिमा, क्रिस्मस, इदउल फित्र, न्वागी आ-आफ्नो सांस्कृतिक चाड पर्ब र धार्मिक दिबसहरुमा शुभकाना आदान प्रदान तथा पर्व प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
- औरही नगरपालिका वडा नं. ७ को सोनामाई मन्दिर लगायत पर्यटकको आवागमन अभिवृद्धि गर्न सम्भाव्य क्षेत्रलाई सौन्दर्यकरण गर्ने योजना कार्यान्वियन गरिनेछ ।

## (च) महिला तर्फ

- घरेलु हिंसा न्यूनिकरण, दाइजो प्रथा उन्मुलन र महिला सशक्तिकरण लगायतका विभिन्न महिला मैत्री कार्यक्रमहरु संचालन गरी समतामूलक समाज निर्माण गर्न आवश्यक कदम चालिनेछ ।
- महिलाहरुको क्षमता अभिवृद्धि गर्ने सिपमूलक तालिमलाई निरन्तरता दिइनेछ ।

## (छ) बालबालिका:-

- नगरपालिका भित्र भएका विद्यालय, स्वास्थ्य संस्था, विभिन्न योजना, भेलामा बालबालिकाको सहभागिता अनिवार्य गरिनेछ। विभिन्न निकाय र यस पालिकाको संयुक्त प्रयासमा बालश्रम निवारणका गतिविधि संचालन गरिनेछ ।
- बाल विवाहको वडागत तथ्यांक संकलन गरी बाल विवाह न्यूनिकरण गर्ने कार्यक्रम संचालनमा ल्याई बाल विवाह मुक्त पालिका घोषण गरिनेछ।

## (ज) अपाङ्गता भएका नागरिक

- अपाङ्गता परिचय पत्र जारी गर्ने कार्यलाई सरल र निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- पालिका स्तरीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा मार्फत सहायता सामग्री आवश्यक पर्ने व्यक्तिलाई सहायता सामग्री उपलब्ध गराइनेछ। नगरपालिका क्षेत्रमा निर्माण हुने सरकारी भवन लगायत संरचनाहरुलाई अनिवार्य अपाङ्ग मैत्री बनाउने कार्यलाई निरन्तर्ता दिईनेछ ।
- अपाङ्गता भएका व्यक्तिको जिवन सहज बनाउन सीपमुलक तालिम, सचेतना गोष्ठी, क्षमता विकास लगायत निजहरुको आवाज सुन्न जनप्रतिनिधीसँग अन्तरकृया जस्ता कार्यक्रम सञ्चालन गरिनेछ। निजहरुको आत्म सम्मान उचो राख्न आयमूलक कार्यक्रममा जोड्ने प्रयत्न गरिनेछ ।

### (झ) पञ्जिकरण तथा सामाजिक सुरक्षा

- आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद, धर्मपुत्र, धर्मपुत्री) अभिलेख व्यवस्थापन गरिने छ ।
- पञ्जिकरण र सामाजिक सुरक्षालाई अनलाइन अभिलेख राखि अझै प्रभावकारी तवरले सेवा प्रदान गरिनेछ ।
- सामाजिक सुरक्षा वितरणमा बैंकिङ प्रणालीको नीतिलाई निरन्तरता दिइ (Electronic Fund Transfer-EFT) प्रणाली सँग आवध गरिने छ ।
- आगामी आ.व.२०८३।८४ मा पञ्जीकरण र सामाजिक सुरक्षा भत्तालाई बायोमेट्रिक/iris तरिकाबाट भेरिफाई गरी प्रभावकारी सेवा प्रदान गरिनेछ ।
- पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखामा कार्यरत कर्मचारीहरुलाई आगामि आ.व.२०८३।८४ मा निरन्तरता दिइनेछ ।

## ३. पूर्वाधार विकास क्षेत्रः

### (क) पुल,सडक तथा यातायात

- नगरपालिका भित्रको महत्वपुर्ण सडकलाई कालोपत्रे तथा ढलान र भित्रि सडकमा ग्राभेल गर्ने कार्यलाई निरन्तरता दिइने छ र अन्य नयाँ ठूला सडकको सम्भाव्यता अध्ययन गरि डि.पि.आर. तयार गरिनेछ, पहिलानै डि.पि.आर.भएका सडक तथा पुलका आयोजनाहरु निर्माण गर्न श्रोत जुटाउन पहल गरिनेछ।
- पालिकाबाट निर्मित सबै सडकहरु सार्वजनिक गरि सार्बजनिक भएको सडकमा मात्र बजेट बिनियोजनलाई प्राथमिकता दिईनेछ|
- सडक निर्माण गर्दा नाला निर्माणलाई अनिवार्य गरी हरित सडकको अवधारणालाई कार्यान्वयन गर्दै सडकको दायाँ बायाँ वृक्षारोपण गर्दै लैजान उपभोक्तालाई प्रोत्साहीत गरिनेछ।
- संघीय तथा प्रदेश सरकारसँग विशेष तथा समपुरक कोष मार्फत प्राप्त हुने बजेटबाट सडक निर्माण तथा स्तरीकरणका लागि समेत योजना संचालनको व्यवस्था मिलाईने छ।

### (ख) भवन तथा भवन संहीता एबम निर्माण ईजाजत

- पालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई समयमै सम्पन्न गर्न संघ र प्रदेश सरकार समेतको समन्वयमा आवश्यक बजेटको व्यवस्था मिलाईनेछ।
- स्वास्थ्य मन्त्रालयको श्रोतमा निर्माणाधीन औरही अस्पतालको भवन निर्माण कार्यलाई तिव्रता दिई समयमै सम्पन्न गर्न आवश्यक श्रोत, साधनको व्यवस्था गरिनेछ। भवन निर्माण ईजाजत सम्वन्धि नीति, कानुन तथा मापदण्डलाई कडाईका साथ लागू गरिनेछ।
- दलित आवास कार्यक्रम अन्तर्गत आ.व. २०८१।८२ र २०८२/०८३ गरी करिव ७२ भवन निर्माण सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ। आगामी आ.व. मा पनि विपन्न तथा सिमान्तकृत समुदायका लागि नमूना आवास तथा एकिकृत वस्ती विकास कार्यक्रम (दलित आवास कार्यक्रम) लाई निरन्तरता दिँदै थप २५ पक्की घर निर्माण गरिनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

### (क) विपद् व्यवस्थापन, जलाधार क्षेत्र संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- एम्बुलेन्स सेवामा जनताको पहुँचलाई सहज बनाईनेछ।
- हरियाली पार्क निर्माण, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- फोहोरको श्रोतमै वर्गीकरण सम्बन्धि सचेतनामूलक कार्यक्रम संचालन साथै ठाउँ ठाउँमा फोहोरमैला राख्ने भाडोको व्यवस्था गरी फोहोर रहित औरही नगरपालिका निर्माणमा पहलकदमी रुपमा अघि बढिनेछ।
- वैकल्पिक ऊर्जाको उपयोगलाई प्रोत्साहित गर्दै कार्बन उत्सर्जन न्यूनिकरणका लागि अनुदानमा विद्युतीय चुलो वितरण गरिनेछ।
- पालिका भित्रका सवै वडामा कृषि विद्युतीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय विपद् व्यवस्थापन कोष, विपद् व्यवस्थापन समिति र विपद् तयारी तथा प्रतिकार्य कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।
- विपद् बाट प्रभावित परिवारलाई उद्दार तथा राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

## ५. आर्थिक विकास क्षेत्र

### (क)कृषि विकास

- कृषि उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसँग प्रत्यक्ष समन्वय गरिनेछ।
- कृषि उत्पादन वृद्धिका उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

- खेतीयोग्य बाझो जमिनको यथार्थ तथ्याङ्क संकलन गरी बाझो जग्गा उपयोगमा ल्याउन प्रोत्साहन गरिनेछ। यस्ता बाझो जमिन उपयोगमा ल्याउन बीउ तथा कृषि औजारमा अनुदानको व्यवस्था मिलाईनेछ।
- नगरपालिका भित्रै माटो परिक्षण सेवा संचालनको लागि आवश्यक प्रवन्ध मिलाईनेछ।
- परम्परागत प्राङ्गारिक खेति प्रणालीलाई जोड दिदै प्राङ्गारिक मलको उत्पादन र प्रयोग बढाउनमा आवश्यक सचेतना बृद्धि गरिनेछ।
- किसानहरुलाई कोल्ड स्टोर व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरिनेछ।
- कृषकहरुलाई प्रोत्साहन गर्न र कृषि प्रणालीलाई आधुनिकीकरण र व्यवसायिकरण गर्नको लागि कृषकलाई हाते ट्रयाक्टर, स्यानो ट्रयाक्टर जस्ता कृषि उपकरणहरु अनुदानमा उपलब्ध गराइनेछ।
- किटाणु तथा रोगहरुबाट कृषि उत्पादनमा हुने क्षति कम गर्न कृषि किट्स तथ विषादी निःशुल्क वितरण गर्ने व्यवस्था मिलाईनेछ।
- कृषि हाटबजारलाई व्यवस्थित रुपले संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।
- यस पालिका अन्तर्गत कृषि स्नातक र एक गाउँ एक प्राविधिक कार्यक्रममा सेवा प्रवाह गरिरहेका कर्मचारीको सेवालाई निरन्तरता दिईनेछ।
- कृषकहरुलाई स्यालो ट्युवेल मोटर वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- कृषि विद्युतीयकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## (ख) पशुपन्छी तथा मत्स्य विकास

- पशुपन्छी जन्य उत्पादनको बजार सुनिश्चितताको लागि सरोकारवाला निकायहरुसंग प्रत्यक्ष समन्वय गरिनेछ।
- पशुपन्छी उपशाखा र पशु सेवा केन्द्रबाट दैनिक दिईने सेवालाई अझ प्रभावकारी बनाउन नि-शुल्क औषधि वितरण र आवश्यक परामर्श सेवालाई निरन्तरता दिईनेछ।

## (ग) श्रम, सहकारी तथा रोजगार प्रवर्द्धन

- कृषि, पशुपालन, वन, पर्यटन, हस्तकला जन्य उद्यममा आधारित रोजगारलाई प्राथमिकता दिईनेछ।
- सहकारी संस्थाहरुको काम कारवाहीको सम्बन्धमा अनुगमन गरी सहकारी संस्थाको पदाधिकारीहरुको क्षमता विकासको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप र अनुभवलाई स्थानीय स्तरमा उपयोग गर्ने रणनीति अपनाईनेछ।
- सिलाई, बुनाई, इलेक्ट्रिसियन, प्लम्बिङ, ब्यूटीपार्लर, कृषि तथा पशुपालन जस्ता सीपमुलक तालिमको माध्यमबाट स्थानीय युवाहरुलाई स्वरोजगार बन्न प्रेरित गरिनेछ। यसबाट उत्पादित बस्तु तथा सेवा बजारिकरणको लागि आवश्यक परामर्श दिईनेछ।

- स्थानीय विकास निर्माण कार्यमा आवश्यक पर्ने जनशक्ति उपलब्ध भएसम्म स्थानीय क्षेत्रबाट परिपूर्ती गर्ने/ गराउने नीति अवलम्बन गरिनेछ ।
- गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम(MEDPA) लाई निरन्तरता दिईनेछ।
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

### (घ) बजार अनुगमन तथा खाद्य सुरक्षा

- कानुन बमोजिम गरिने बजार अनुगमन कार्यलाई निरन्तरता दिईनेछ । सुरक्षित, स्वच्छ र पोषणयुक्त खाद्य बस्तुको उपभोग र विक्री वितरणमा सहजीकरण तथा नियमन गरिनेछ ।
- उपभोक्ता र व्यवसायीहरूलाई खाद्य संहिता, सरसफाई र पोषणबारे प्रशिक्षण/ जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनहरूलाई प्याकेजिङ्ग, लेबलिङ्ग र ब्रान्डिङ्गमार्फत राष्ट्रिय/ अन्तर्राष्ट्रिय बजारमा पठाउन आवश्यक सहयोग गरिनेछ ।
- पालिका भित्र गरिने व्यवसाय दर्ता र नविकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न घुम्ती शिविर कार्यक्रम सञ्चालन गरिनेछ ।

**अब म यस सभा समक्ष आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि प्रास्तावित आय - व्ययको विवरण निम्नानुसार प्रस्तुत गर्दछु ।**

## आ.व. २०८३।०८४ को अनुमानित आय विवरण

| क्र.सं | शीर्षक | आ.व. २०८१।०८२ यर्थाथ | आ.व. २०८२।०८३ यर्थाथ | आ.व. २०८३।०८४ अनुमान |
|---|---|---|---|---|
| **१** | **राजस्व बाडफाँड** | **८८२२८९१५** | **९९०४४८६९** | **१०६४०९०००** |
| क | संघीय सरकारबाट प्राप्त | ८१४६४५७८ | ९३०७७३२० | ९६६३०००० |
| | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५६८९१३६२ | ६९८०७९९० | ६७६४१००० |
| | बाँडफाँड भई प्राप्त हुन अन्तशुल्क | २४५७३२१६ | २३२६९३३० | २८९८९००० |
| ख | प्रदेश सरकारबाट प्राप्त | ३७६४३३७ | २६१७५४९ | ४७७९००० |
| | राजस्व बाँडफाँड | 0 | 0 | |
| | सवारी साधन कर | ३७६४३३७ | २६१७५४९ | ४७७९००० |
| ग | आन्तरिक राजस्व बाँडफाड बाट प्राप्त हुने | ३०००००० | ३३५०००० | ५०००००० |
| **२** | **वित्तीय हस्तान्तरण** | **४२०१३९९८०** | **३२४३३९६५०** | **२९६९१९०००** |
| क | संघीय सरकार द्वार प्राप्त हुने समानिकरण अनुदान | ९३९६२२४० | ९०३५२६०० | १००१००००० |
| | समानीकरण (न्यूनतम) | ९३९६२२४० | ९०३५२६०० | ३५०००००० |
| | समानीकरण (सुत्रमा अधारित) | 0 | 0 | ६१८००००० |
| | समानीकरण (कार्य सम्पादन) | 0 | 0 | ३३००००० |
| ख | संघीय सरकार द्वारा प्राप्त हुने शसर्त अनुदान | ३०६९०७७४० | २१८३३५००० | १८४०००००० |
| | सर्शत अनुदान (चालु) | १६०३६२७४० | १५२६३५००० | १४७५००००० |
| | सर्शत अनुदान (पुँजिगत) | ११८४९५००० | ३०७००००० | २२०००००० |
| | समपुरक अनुदान | १०००००००० | 0 | ४५००००० |
| | विषेश अनुदान | १८०५०००० | ३५०००००० | १०००००००० |
| ग | प्रदेश सरकार द्वारा प्राप्त हुने अनुदान | १९२७०००० | १५६५२०५० | १२८१९००० |
| | वित्तीय समानिकरण अनुदान | ७२७०००० | ६६५२०५० | ६८१९००० |
| | सर्शत अनुदान | ९५००००० | ४०००००० | ४०००००० |
| | समपुरक अनुदान | ० | २०००००० | ० |
| | विषेश अनुदान | २५००००० | ३०००००० | २०००००० |
| | **जम्मा कूल अनुमानित बजेट** | | | |
| ३ | नेपाल सरकारतर्फ | | | ३८,०७,३०,००० |
| ४ | प्रदेश सरकारतर्फ | | | १,७५,९८,००० |
| ५ | आन्तरिक राजस्व तर्फ | | | १,५०,००,००० |
| ६ | नगद आल्या | | | ५,३५,८९,००० |
| | **कूल जम्मा बजेट** | | | ४६,६९,१७,००० |

सङ्घीय सरकारबाट प्राप्त बजेट, प्रदेश सरकारबाट प्राप्त बजेट, आन्तरिक आम्दानी र दातृ निकाय एवं सङ्घ संस्थाबाट उपलब्ध भएको स्रोत अनुमान विवरणका आधारमा **आ.व. २०८३/०८४ को कुल बजेट ४६,६९,१७,०००** **(अक्षेरेपी रकम रु. छयालीस करोड उनान्सत्तरी लाख सत्र हजार मात्र)** को व्यय अनुमान गरी कार्यक्रम तथा योजना पारित गरी सार्वजनिक गरिनेछ ।

अन्त्यमा यस नीति तथा कार्यक्रमको मस्यौदा तर्जुमामा प्रत्यक्ष र परोक्ष रुपमा मलाई सहयोग गर्नुहुने विषयगत समितिका संयोजक तथा सदस्य लगायत सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यबाद ज्ञापन गर्दछु । नीति,कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा हामिलाई अमूल्य सुझाव दिनुहुने कृयाशिल राजनीतिक दल लगायत सरोकारवालाहरु सबैमा हार्दिक आभार व्यक्त गर्दै यसको कार्यान्वयनमा समेत उत्तिकै सक्रियतापूर्वक सहभागि भइ सहयोग गर्नुहुनेछ भन्नेमा पूर्णत विश्वस्त रहेको छु ।

धन्यवाद । धन्यवाद ॥ धन्यवाद ।॥

प्रदिप कुमार खड्का
नगर प्रमुख

हजुरको सुझावको अपेक्षा गर्दछौं
केही भए तल उल्लेख गर्नुहोस् ।

***औरही नगरपालिका, महोत्तरी***